# नेपाल राष्ट्र बैंक
## धनगढी कार्यालय
### सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना
### (प्रथम पटक प्रकाशित मिति २०७२/१२/३०)

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयको लागि तोकिएको स्पेसिफिकेसन बमोजिम ५ (पाँच) थान **Air Conditioner 1.5 Ton** आपूर्ति गर्न ईच्छुक इजाजत प्राप्त कम्पनी/फर्म/संस्थाहरुले दरभाउपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिनको (मिति २०७३/१/१४ गते) अपरान्ह ४:०० बजेभित्र नेपाल राष्ट्र बैंक धनगढी कार्यालयबाट रु. ५००।- (पाँच सय मात्र) ना.नो.आ.हि फुटकर (२२०००००/०३०-००२-५२४) मा नगद जम्मा गरी खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र खरिद गरेको रकम फिर्ता हुने छैन ।

२. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन (मिति २०७३/१/१५ गते) अपरान्ह १:०० बजेसम्म नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयमा पेश गरी सक्नु पर्नेछ ।

३. सूचना प्रकाशित भएको मितिले सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन (१६ औं) को ३:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा नपर्ने) सिलबन्दी दरभाउपत्र खोलिने छ ।

४. सिलबन्दी दरभाउपत्र बिक्री, दर्ता/खोल्ने अन्तिम दिन बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै सिलबन्दी दरभाउपत्र फाराम बिक्री, दर्ता एवं खोल्ने कार्य गरिनेछ ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सम्बन्धित निकायहरुमा दर्ता भएको र नवीकरण गरेका प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

६. ५ थान Air Conditioner 1.5 Ton को दरभाउपत्र जमानत (Bid Security) रु. १४,०००।- (चौध हजार मात्र) रहेको छ । सिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्र जमानत वापतको रकम यस बैंकको सण्ड्री क्रेडिटर्स पार्टी हिसाब (२२०९९९९/०११-०००-५२४) मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट जारी गरिएको कम्तीमा ७५ दिन मान्य अवधिको ग्यारेन्टी पत्र संलग्न गर्नुपर्ने छ ।

७. सिलबन्दी दरभाउपत्रको मान्य हुने अवधि ४५ (पैचालिस) दिनको हुनेछ ।

८. रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरीद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन २०७१ समेत मिलाइएको) बमोजिम हुनेछ ।

९. सिलबन्दी दरभाउपत्र स्वीकार/अस्वीकार वा आंशिक रुपमा स्वीकार गर्ने अधिकार नेपाल राष्ट्र बैंकलाई हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा यस कार्यालयको आन्तरिक व्यवस्थापन फाँट/खरिद इकाई (फोन नं.०९१-५२७७०३) मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१०. यो सूचना नेपाल राष्ट्र बैंकको वेवसाइट **www.nrb.org.np** मा समेत हेर्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक
धनगढी कार्यालय